# स्थानीय राजपत्र

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९) सुन्दरबजार, साउन २७ गते, २०८२ साल (संख्या ८)

## भाग २

### सुन्दरबजार नगरपालिकाको मलामी सहितको शव बाहन संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना :** सुन्दरबजार नगरपालिका क्षेत्रमा बसोबास गर्ने नागरिकलाई आफ्नो रितिस्थिति अनुसार मृतक भएको स्थानबाट दाहसंस्कारस्थल सम्म पुर्याई मृत्यु संस्कार पुरा गर्न सहयोग पुऱ्याउने गरी नगर क्षेत्रमा मलामी सहितको शव बाहन सेवा उपलब्ध गराउन वान्छनीय भएकाले सुन्दरबजार नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

२०७५ को दफा (४) बमोजिम सुन्दरबजार नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

१. यस कार्यविधिको नाम "सुन्दरबजार नगरपालिकाको मलामी सहितको शव बाहन संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ । छोटकरीमा " शवबाहन संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" भनिनेछ ।

२. यो कार्यविधि सुन्दरबजार नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

३. यो कार्यविधि सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाबाट पारित भई नगर प्रमुखबाट प्रमाणीकरण भए पश्चात लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **'कार्यविधि'** भन्नाले सुन्दरबजार नगरपालिकाको मलामी सहितको शव बाहन संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

ख) **'नगरपालिका'** भन्नाले सुन्दरबजार नगरपालिकालाई सम्झनुपर्छ ।

ग) **'शव बाहन'** भन्नाले सुन्दरबजार नगरपालिका क्षेत्रमा बसोबास गर्ने नागरिकलाई आफ्नो रितिस्थिति अनुसार मृतक भएको स्थानबाट स्थानीय समुदायको दाहसंस्कारस्थल सम्म पुर्याउन र मलामी ल्याउनको लागि प्रयोग गरिने नगरपालिकाको बसलाई सम्झनु पर्दछ ।

घ) **'स्थानीय निर्देशक समिति'** भन्नाले दफा ५ बमोजिम गठित शवबाहन सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनुपर्दछ ।

ङ) **'दाहसंस्कार स्थल'** भन्नाले विभिन्न जातजातिहरुको परम्परागत कुल धर्म अनुसार मृतक व्यक्तिको शवलाई व्यवस्थापन गर्न निर्माण गरिएको घाट, खोला, जंगल, समाधिस्थल, चौर, सरकारी वा निजि जमिन समेतलाई बुझ्नुपर्नेछ ।

च) **'जिल्ला'** भन्नाले लमजुङ जिल्लालाई सम्झनुपर्दछ ।

**३. कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) शवबाहन संचालनको जिम्मेवारी विश्वसनीय र भरपर्दो रुपमा निर्वाह गर्ने,

(ख) शवबाहन संचालका लागि स्रोत व्यवस्थापन, नियमित मर्मत सम्भार र सेवा प्रवाह प्रभावकारी बनाउने ।

**४. कार्यक्षेत्र :** नगरपालिकाको अगुवाईमा सुन्दरबजार नगरपालिकाको भौगोलिक क्षेत्रभित्रका जनतालाई मृत्यु संस्कार पुरा गर्न शवबाहन उपलब्ध गराउने तथा शवबाहनको संचालन, व्यवस्थापन, अनुगमन र मर्मत सम्भार सम्बन्धी कार्य गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ ।

**५. स्थानीय निर्देशक समिति : (१)** शवबाहन सेवा व्यवस्थित तथा विश्वसनीय रुपमा संचालन, व्यवस्थापन र अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको स्थानीय निर्देशक समिति रहनेछ ।

(क) प्रमुख - संयोजक

(ख) उप प्रमुख- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक- सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख- सदस्य सचिव

(२) समितिको कुल सदस्य संख्या मध्ये बहुमत सदस्य उपस्थित भएमा बैठक बस्नका लागि गणपुरक पुगेको मानिनेछ ।

**६. स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शवबाहन सेवा सरल, भरपर्दो र व्यवस्थित रुपमा संचालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने ।

(ग) शवबाहन सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(२) समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरणको प्रतिवेदन तयार गरी चौमासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

**७. शवबाहन संचालन तथा व्यवस्थापन :**

(क) शव बाहनका रुपमा प्रयोग भएको सवारी साधनको अघिल्लो भाग चालक सहित २ जना बस्न मिल्ने, पछाडीको सिटमा शव राख्ने र अन्य भागमा मलामी बस्न मिल्ने गरी तीन खण्डमा विभाजन गरी बिचमा स्थायी छेकाबार लगाईएको हुनेछ । शवबाहन संचालन/व्यवस्थापनको लागि एक जना कर्मचारीलाई जिम्मेवारी प्रदान गर्नु पर्नेछ ।

(ख) शव बाहनको कार्यक्षेत्र नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहनेछ तर जिल्ला भित्रका अस्पतालमा शव लिन वा पोष्टमार्टमा लैजान परेमा तोकिएको अधिकारीलाई मौखिक, फोन वा अन्य माध्यमबाट जानकारी गराई अनुमति भए अनुसार जानु पर्नेछ ।

(ग) प्रयोग नभई शवबाहन खाली रहेको अवस्थामा नगरपालिकामा बसोबास गर्ने व्यक्ति वा परिवारबाट शवबाहन माग भएमा पहिला आउनेलाई पहिलो प्राथमिकताका आधारमा नगरपालिकाले निशुल्क शवबाहन उपलब्ध गराउन सक्नेछ ।

(घ) शव बाहन भित्र पञ्जा, माक्स, सेनिटाइजर, प्लाष्टिक, शवबाट आउने दुर्गन्द नियन्त्रण गर्न सक्ने स्प्रे लगायत स्वास्थ्य मापदण्ड पुरा हुने व्यवस्था नगरपालिकाले गर्नुपर्नेछ ।

(ङ) चालकले शवबाहन प्रयोग भएको अवस्थाको अनूसूची १ बमोजिमको लगबुक प्रमाणीत गराई राख्नु पर्नेछ ।

(च) शव बाहन प्रयोग भई रहेको अवस्थामा बिग्रन गई मर्मत गर्नुपर्ने भएमा कार्यालयको नियमानुसार गर्नुपर्नेछ ।

(छ) शव दाहसंस्कार स्थल सम्म पुर्‍याए पश्चात शब बाहन सरसफाई गर्ने जिम्मेवारी सेवा प्रयोगकर्ताको हुनेछ ।

(ज) मलामि सहितको शवबाहन शव रहेको स्थान वा मृतकको घरबाट दाहसंस्कारस्थल सम्मको लागि मात्र प्रयोग गर्न पाईनेछ ।

(ज) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनूसूची २ बमोजिम हुनेछ ।

(झ) नगरपालिकाले उपलब्ध गराउने मलामी सहितको शवबाहन बिग्रिएको वा मर्मतमा गएको अवस्थामा अन्य कुनै सवारी साधन प्रयोग गरी शव लाने र मलामी ल्याउने गरे बापतको रकम नगरपालिकाले उपलब्ध गराउने छैन ।

८. **सजाय :** शवबाहन सेवा आवश्यक भयो भनी गलत सूचना दिने व्यक्ति र शव बाहन संचालन तथा व्यवस्थापन कार्यमा अवरोध पुर्याउने व्यक्ति वा संस्थालाई प्रचलित कानूनको अधिनमा रही कारवाही गरिनेछ ।

९. **खारेजी र बचाउ :**

१) सुन्दरबजार नगरपालिकाको मलामी सहितको शव बाहन संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ ।

२) सुन्दरबजार नगरपालिकाको मलामी सहितको शव बाहन संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० बमोजिम यस अघि भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

अनुसूची १
(दफा ७(ङ) सँग सम्बन्धित)

**शवबाहन अभिलेख राख्ने ढाँचा**

| मिति | मृतकको नामथर | नातेदारको नामथर | ठेगाना | मलामी संख्या | शव भएको स्थान | अन्तिम संस्कार स्थल | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**पेश गर्ने :**
नाम थर :
पद :
हस्ताक्षर :
मिति :

**प्रमाणीत गर्नेको :**
नाम थर :
पद :
हस्ताक्षर :
मिति :

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

अनुसूची २
(दफा ७(ज) सँग सम्बन्धित)

**शवबाहन चालकले पालना गर्नुपर्ने आचारसंहिता**

१) सुन्दरबजार नगरपालिकाको मलामी सहितको शव बाहन संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ लाई पूर्णत पालना गनुपर्ने ।

२) आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादा खलल पुग्ने कुनै काम गर्न नहुने ।

३) मादक पदार्थ सेवन गरी शवबाहन चलाउन नहुने ।

४) सवारी चलाउने क्रममा सम्बन्धीत परिवार तथा आफन्तलाई सम्मानपूर्वक व्यवहार गरी सेवा प्रदान गर्ने ।

५) तोकीएको काम बाहेक अन्य काममा शवबाहनको प्रयोग नगर्ने नगराउने ।

६) शवबाहनको नियमित मर्मत, संभार र सरसफाई गर्ने ।

७) शवबाहन प्रयोग भएको अवस्थाको लगबुक सम्बन्धीत अधिकारीबाट प्रमाणीत गराई राख्नु पर्नेछ ।

म साबिक..........गा.बि.स वडा नं ..... हाल .........नगरपालिका वडा नं..... .....जिल्ला बस्ने ...............नाति.................को छोरा ...............( ना.प्र.नं...../ड्राइभिङ लाइसेन्स नं .......) ले माथि उल्लेखित आचारसंहिता अध्ययन गरेको छु । सुन्दरबजार नगरपालिकाद्धारा संचालित शवबाहन चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| **चालकको :** | **प्रमाणित गर्नेको :** |
|---|---|
| नाम थर : | नाम थर : |
| पद : | पद : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : |

***प्रमाणीकरण मिति : २०८२/०४/२७***

**आज्ञाले**

**रमेश घर्ति**
**नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत**

**सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित । मूल्य रु १०।-**

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित